नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #३५

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

शुक्रबार | ३० फाल्गुन २०७६ (१३ मार्च २०२०)

कोभिड-१९ पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । फागुन २९ गते सम्ममा यो रोग १२५०४८ जनामा फैलीसकेको छ भने यस रोगका कारण ४६१३ (चीनमा मात्र ३१७३) जनाको मृत्यु भैसकेको छ । यो रोग चीनबाहिर ११७ वटा अन्य देश/ क्षेत्रहरूमा देखिएको छ ।

## कोभिड-२०१९ सम्बन्धी विश्वव्यापी स्थिति:

| कोभिड-१९ केसहरू | २९ फागुन २०७६ सम्ममा कुल जम्मा | नयाँ केसहरू | |
|---|---|---|---|
| | | २८ फागुन | २९ फागुन |
| **विश्वव्यापी** | | | |
| पुष्टी भएका केसहरू | १२५०४८ | ४६२० | ६७२९ |
| मृत्यु | ४६१३ | २८० | ३२१ |
| **चीन** *(Includes Hong Kong SAR, Macao SAR and Taipei and environs)* | | | |
| पुष्टी भएका केसहरू | ८०९८१ | ३१ | २६ |
| मृत्यु | ३१७३ | २२ | ११ |
| **चीन बाहिर** | | | |
| पुष्टी भएका केसहरू | ४४०६७ | ४५८९ | ६७०३ |
| मृत्यु | १४४० | २५८ | ३१० |
| कोभिड-१९ को रिपोर्ट भएका देश/ क्षेत्रहरू | ११८ | ४ | ४ |

श्रोत: विश्व स्वास्थ्य संगठनको रिपोर्ट नं. ५१ र ५२

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले ११ मार्चमा कोभिड-१९ लाई विश्वव्यापी महामारी (**Pandemic**) को रूपमा वर्गिकरण गरेको छ ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ४५६ | ४५५ | १ |

(३० फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी बिहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** तोकिएको छ ।

**स्क्रिनिङ् तथा निगरानी - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल**

- थप जनशक्ति तथा उपकरणको व्यवस्था गरिएको छ ।
- विमानस्थलमा संक्रमण रोकथामका लागि नियमित रूपमा औषधिसहितको स्प्रे (DISINFECTANT-SPRAY) गर्ने कार्य भैरहेको छ ।

- कोभिड-१९ का संकास्पद बिरामीहरुको व्यवस्थापनका लागि प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसंगको समन्वयमा पूर्व तयारीका विविध क्रियाकलापहरु संचालन भै रहेका छन् ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले महानिर्देशकज्यूहरू, महाशाखा प्रमुखज्यूहरू, निर्देशकज्यूहरू तथा अन्य पदाधिकारीहरू संग हाल भइरहेको कार्यको प्रगति र भाबी योजनाका बारेमा छलफल गरी निर्देशन दिनुभयो ।
- सबै प्रादेशिक सरकारहरूले कोभिड-१९ को रोकथाम तथा प्रतिकार्यका लागि विभिन्न क्रियाकलापहरू संचालन गरेका छन् (अनुसूची १)
- माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६ फागुन २९ मा बैठक बसी स्वास्थ्यका सम्बन्धमा निम्नानुसार निर्णयहरु भयो ।
  - कोभिड-१९ को संक्रमण रोकथाम, निदान र उपचारका लागि आवश्यक पर्ने आइसोलेसन सुबिधा सहितको अस्पताल काठमाडौं उपत्यकामा र हरेक प्रदेशमा विकास गर्ने।
  - प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी संक्रमण रोकथाम र नियन्त्रणका लागि आवश्यकताअनुसार स्वास्थ्यकर्मीहरूलाई परिचालन गर्ने।
  - शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयसँग समन्वय गरी संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा मेडिकल तथा ननमेडिकल जनशक्ति परिचालन गर्ने। (अनुसूची २)
- अध्यागमन विभागले अन्तरराष्ट्रिय यात्रा सम्बन्धी अध्यावधिक सूचना प्रकाशन गरेको छ । (अनुसूची ३)
- सम्पूर्ण सरोकारवालाहरू, बिषय जानकारहरू, समस्त मिडियाकर्मीहरू लगायत सम्बद्ध सबैलाई आ-आफ्नो तर्फबाट भइरहेको सहयोगको निरन्तरताको लागि अनुरोध गर्दै यस संक्रमण रोकथामका लागि सचेत रही मन्त्रालयले सिफारिस गरेका उपायहरूको अवलम्बन गर्न सबैमा अनुरोध गरिन्छ ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्धछ

**थप विवरणका लागि तल बक्समा क्लिक गर्नुहोस:**

**COVID-19 IEC** | **Press Release MoHP** | **Technical Guidance**

**HUB Hospitals** | **Audio Visual PSAs** | **Contacts**

**स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र**
**फोन:** ०१-४२५०८५५, **फ्याक्स:** ०१-४२५०८४२,
**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np,
**fb:**fb.com/HEOC

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**फोन:** ०१-४२५५७९६, **फ्याक्स:** ०१-४१००२६६,
**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

## अनुसूची १ः कोभिड-१९ को पुर्वतयारी तथा रोकथाम सम्बन्धमा प्रदेशस्तरमा भएका क्रियाकलापहरू

### प्रदेश न. २

- ३ वटा अस्पतालहरू १२० वटा आईसोलेशन सैयाको व्यवस्था

### बागमती प्रदेश

- प्रदेश आन्तर्गत सबै आस्पतालहरुमा isolation room को ब्यबस्था गरिएको (कम्तिमा २ बेड)
- सामाजिक बिकाश मन्त्रालयमा माननीय मन्त्रीज्यूको उपस्थितिमा सचिबज्यू को संयोजकत्वमा उच्च स्तरीय अनुगमन समिति बनाई कोरोनाको रोकथाम र नियन्त्रणका गतिविधिलाई संचालन र अनुगमन गरिरहेको (थप विवरण)

### गण्डकी प्रदेश

- कोरोना भाईरस नियन्त्रण र प्रतिकार्यको लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशकज्यूको अध्यक्षतामा प्रमुख अस्पताल, सामाजिक विकास मन्त्रालय, पोखरा महानगरपालिका प्रयोगशाला, होटल एसोसिएसन लगायतका संस्थाका प्रतिनिधिहरू सम्मिलित टास्क फोर्स समिति गठन
- ५ वटा अस्पतालहरूमा ८० वटा आईसोलेशन सैयाको व्यवस्था
- कोभिड-१९ को केस व्यवस्थापन, नमुना सङ्कलन एवं व्यवस्थापनका बारे आईसोलेशन सैया छुट्टाएका अस्पतालका २५ जना कर्मचारीलाई तालीम दिइएको छ (थप विवरण)

### सूदुरपश्चिम प्रदेश

- सामाजिक विकास मन्त्रालय सूदुरपश्चिम प्रदेशले कोभिड-१९ को रोकथाम, प्रतिकार्य र व्यवस्थापनको नीतिगत निर्णय ।
- भारतसंगका ११ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य सूचना केन्द्र तथा स्वास्थ्य जाँचको व्यवस्था
- सुदुरपस्चिम प्रदेशले कोभिड-१९ संक्रमण निगरानी तथा रोकथाम सम्बन्धी हेल्थ डेस्क संचालन मार्गदर्शन, २०७६ तयार पारी कार्यान्वयनमा ल्याएको छ ।
- १८ वटा अस्पतालहरूमा ४७ वटा आईसोलेशन सैयाको व्यवस्था गरीएको छ (थप विवरण)




हेल्थ डेस्क, झुलाघाट, बैतडी — सुदुरपश्चिम प्रदेश

### प्रदेश न. ५

- सामाजिक विकास मन्त्रालयले “Press Meet” गरी कोभिड-१९ सम्बन्धी हाल सम्म भए/गरेका गतिविधिहरू जानकारी गराईएको
- १४ वटा अस्पतालहरूमा ८९ वटा आईसोलेशन सैयाको व्यवस्था गरीएको छ (थप विवरण)

### कर्णाली प्रदेश

- प्रादेशिक अस्पताल सुर्खेतमा ५ वटा आईसोलेशन तथा २० वटा आइसियु सैयाको व्यवस्था गरीएको
- ६ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य सूचना केन्द्र तथा स्वास्थ्य जाँचको व्यवस्था गरिएको
- कोरोना भाईरस नियन्त्रण र प्रतिकार्यको लागि स्वास्थ्य निर्देशनालय कर्णाली प्रदेशका निर्देशकज्यूको अध्यक्षतामा प्रादेशिक अस्पताल, सुर्खेत; सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख लगाएतका प्रतिनिधिहरू सम्मिलित टास्क फोर्स समिति गठन गरीएको
- सबै जिल्लाहरूमा निगरानी भइरहेको, हाल सम्म अवस्था सामान्य रहेको (थप विवरण)






कोभिड पूर्वतयारी तथा प्रतिकार्यको निम्ति गठित टास्क १९-फोर्सको प्रथम बैठक - गण्डकी प्रदेश

### सूचना

सबै प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरूले कोभिड-१९ को रोकथाम तथा प्रतिकार्यका समबन्धमा भइरहेका क्रियाकलापहरूको विवरण स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र को ई-मेल ठेगाना heocmohp@gmail.com मा दैनिक रूपमा दिउँसोको २:०० बजे सम्म पठाईदिनुहुन अनुरोध छ

**अनुसूची २:** माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६ फागुन २९ गते बसेको बैठकका निर्णयहरू

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा गठित नोभल कोरोना रोग संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/११/२९ मा बसेको बैठकले देहायबमोजिम निर्णय गरेको छ -

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**निर्णयहरुः**

१ नेपालको आगमन विन्दुमा विदेशीहरुलाई दिइदै आएको **On-Arrival Visa** को व्यवस्था १४ मार्च २०२० को राती १२ बजेबाट लागु हुने गरी अप्रिल ३०, २०२० सम्मका लागि स्थगन गर्ने।

२ यस पूर्व भिषा लिईसकेका विदेशीहरुले नेपालको आगमन विन्दुमा आईपुग्ने मिति भन्दा बढिमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (**Swab Test PCR**) आगमन विन्दुको अध्यागमन कार्यालयमा पेश गर्ने व्यवस्था लागु गर्ने।

३ अति जरुरी कारणबाट नेपालमा यात्रा गर्नु पर्ने अवस्थाका विदेशीले सम्बन्धित मुलुक वा नजिकमा रहेका नेपाली नियोगहरुबाट नेपाल आईपुग्ने मिति भन्दा बढीमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (**Swab Test PCR**) सहित भिषा आवेदन गर्नुपर्ने व्यवस्था लागु गर्ने।

४ गैर आवासीय नेपालीहरुलाई गैर आवासीय नेपाली परिचय पत्रको आधारमा आगमन विन्दुमा दिईदै आएको **On-Arrival Visa** १४ मार्च २०२० को राती १२ बजेबाट लागु हुने गरी ३० अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने। अत्यावश्यक कारणले नेपाल आउनु पर्ने अवस्थामा नेपाल आईपुग्ने मिति भन्दा बढीमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (**Swab Test PCR**) संलग्न गरी सम्बन्धित मुलुक वा नजिकमा रहेका नेपाली नियोगहरुबाट भिषा लिनु पर्ने व्यवस्था लागु गर्ने।

५ मार्च १४, २०२० देखि नेपाल प्रवेश गर्ने विदेशीहरुले **Self Quarantine** मा र नेपाली नागरिक तथा गैर आवासीय नेपालीले **Home Quarantine** मा १४ दिन सम्म बस्नु पर्ने व्यवस्था लागु गर्ने।

६ कुटनैतिक र अफिसियल भिषा प्राप्त विदेशीहरु पहिलो पटक नेपाल प्रवेश गर्दा वा बाहिर यात्रा गरी नेपाल फर्किदाको अवस्थामा १४ दिन **Self Quarantine** मा बस्नु पर्ने व्यवस्था लागु गर्ने।

७ व्यावसायिक, अध्ययन र कामदार भिषा प्राप्त गरेका विदेशीहरु विदेश यात्राबाट नेपाल फर्केपछि १४ दिन **Self Quarantine** मा बस्नु पर्ने व्यवस्था लागु गर्ने।

८ विदेशमा रहेका नेपाली नागरिकहरुलाई अत्यावश्यक अवस्थामा बाहेक यात्रा नगर्न र विदेशमा रहँदा उच्च सतर्कता र सावधानी अपनाउन अनुरोध गर्ने।

९ तेस्रो मुलुकका नागरिकहरुलाई स्थल मार्ग हुँदै नेपाल प्रवेश गर्न दिइदै आएको सुविधा १४ मार्च २०२० राती १२ बजेदेखि लागु हुने गरी ३० अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

2076|11|29

**सचिव**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१० नेपाल भारत बीचको यात्रु आवागमनलाई व्यवस्थित गर्न परराष्ट्र मन्त्रालयले अर्थ, उद्योग वाणिज्य तथा आपूर्ति र गृह मन्त्रालयसँगको सहकार्यमा भारतीय पक्षसँग समन्वय गरी निश्चित विन्दुहरुबाट मात्र यात्रु आवागमन गर्ने व्यवस्था मिलाउने।

११ अर्को सूचना नभएसम्म बैदेशीक रोजगारीका लागि दिइने श्रम स्वीकृती स्थगन गर्ने।

१२ अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुलाई ३० अप्रिल २०२० भित्र विदेश यात्रा गर्ने गरी **No-Objection Certificate** जारी नगर्ने।

१३ संक्रमणको रोकथाम र नियन्त्रणका लागि अति आवश्यक पर्ने औषधी, औजार तथा उपकरण लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिको प्रावधान अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गर्ने।

१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणको रोकथाम, निदान र उपचारका लागि आवश्यक पर्ने **ICU** तथा **Isolation** कक्ष सहितको विशेष पूर्वाधार (काठमाडौं उपत्यकामा आवश्यक संख्यामा र हरेक प्रदेशमा कम्तिमा एक एक वटा) विकास गर्न विस्तृत प्रस्ताव तयार पारी समितिको अर्को बैठकमा पेश गर्ने। यसका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था अर्थ मन्त्रालयले गर्ने।

१५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी समायोजन भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु समेतलाई संक्रमण रोकथाम र नियन्त्रणका लागि आवश्यकता अनुसार परिचालन गर्ने।

१६ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा आवश्यकता अनुसार परिचालन गर्न मेडिकल तथा ननमेडिकल स्वयंसेवकहरुको सूची तयार गरी व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न निर्देशन दिने।

१७ नेपालमा पर्वतारोहण गर्ने गरी सन् २०२० को बसन्त ऋतुका लागि जारी गरिएका वा जारी गरिने अनुमति पत्र हाललाई स्थगित गर्ने।

१८ नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा सम्मेलन, समारोहहरुलाई मे ३१, २०२० सम्मका लागि स्थगित गर्ने।

१९ संक्रमणबाट जोगिन ठूलो संख्यामा मानिसहरु भेला हुने सिनेमा हल, सभा समारोह, सामाजिक कार्य एवं मेला महोत्सवमा सहभागी नहुन आम जनसमुदायलाई आहवान गर्ने।

२०७६/११/२५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सचिव

नारायणप्रसाद विडारी

सदस्य सचिव

नोभल कोरोना रोग संक्रमण रोकथाम तथा

नियन्त्रण उच्चस्तरीय समन्वय समिति

**अनुसूची ३:** अध्यागमन विभागले अन्तरराष्ट्रिय यात्रा सम्बन्धी परिमार्जित सूचना

Government of Nepal
Ministry of Home
DEPARTMENT OF IMMIGRATION
(.................................... Section)
Ref. No.:-

☎ 4429659, 4429660, 4433934, 4438862, 4438868
Fax : 4433935
Web: www.immi.gov.np
E-mail: mail@immi.gov.np
Kathmandu, Nepal

Government of Nepal Ministry of Home Affairs Department of Immigration Kathmandu, Nepal

## Updated Urgent Notice Regarding Travel Restriction Related to COVID-19
## Dated 13th March 2020 (12:15 hrs/NST)

*Considering the declaration of World Health Organization regarding the scale of COVID-19 spread as global pandemic, following the recommendations and counter measures to be taken by the countries to cope with the pandemic and assimilating the International Health Regulation (IHR) 2005, Protocols and Prescriptions; Government of Nepal has decided to enforce the following decisions, directions, and precautionary measures in supplantation of all the earlier notices issued on this subject. The provisions enlisted in this notice will come into effect from twelve hours midnight (Nepal Standard Time) on 14th March 2020 till 30th April 2020.*

i. Visa-on-arrival for all foreigners has been suspended for aforementioned period.
ii. All foreigners with a prior valid visa of Nepal have to submit a swab test PCR health certificate issued maximum 7 days before their arrival date to Nepal and must be submitted at the immigration office Tribhuvan International Airport (TIA).
iii. Any foreign nationals including NRNs willing to visit Nepal for compelling reasons may contact to Nepali diplomatic missions abroad. A recent swab test PCR health certificate issued maximum 7 days before their arrival to Nepal is mandatory along with visa application and it has to be submitted at the immigration office TIA.
iv. On-arrival-visa (Gratis) facility granted to Non-Resident Nepalese card holders is also suspended for the aforementioned period.
v. All foreign nationals entering Nepal since 14th March 2020 are subjected to stay in Self Quarantine and Nepali nationals including NRNs are subjected to stay in Home Quarantine for 14 days from the date of their arrival.
vi. Foreigners with diplomatic and official visa entering Nepal for the first time or travelling back to Nepal are subjected to stay in Self Quarantine for 14 days.
vii. Foreigners with Business, study and working visa travelling back to Nepal are subjected to stay in Self Quarantine for 14 days.
viii. All Nepali nationals residing abroad are requested to avoid non-essential travel and are urged to follow high precautionary measures.
ix. All the land ports of entry in Nepal remain closed for arrival in Nepal during the aforementioned period to the foreigners from third countries and are requested to use Tribhuvan International Airport only.
x. All the permits for mountaineering expeditions issued, and to be issued for spring 2020 season are suspended.

The diplomatic missions of Nepal representing abroad and foreign missions in Nepal are requested to acknowledge and circulate this notice accordingly. The international airlines operators bound to Nepal, travel & tour operators are also requested to follow the aforementioned decisions, directions and relevant circulars of Government of Nepal.

Note: The diplomatic missions of Nepal abroad and the foreign missions in Nepal will be notified in purview of this notice shortly through Department of Consular Services.

ESHOR RAJ POUDEL
Director General